# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, जेठ १७ गते, २०८१ साल (संख्या ०३


## भाग २

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### प्रदेश विपद् व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०८१

प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७क. ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश विपद् व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १२ मा संशोधनः** प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १२ को,-

(१) उपनियम (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) स्थानीय विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समिति दुवैबाट पहिचान र निर्णय भएका विपद्बाट प्रभावित वा सम्भावित विपद्का घटनाको जोखिममा रहेका अस्पताल, विद्यालय, सरकारी कार्यालय जस्ता सार्वजनिक निकाय तथा वस्तीमा विपद्का कारण पुगेको क्षति तत्काल न्यूनीकरण तथा रोकथाम सम्बन्धी कार्य गर्न,"

(२) उपनियम (१क) को सट्टा देहायको उपनियम (१क) राखिएको छः-

"(१क) उपनियम (१) बमोजिमको कार्य गर्न आवश्यकताका आधारमा प्रदेश कार्यकारी समितिको निर्णयानुसार जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिमा रकम प्रदान गर्न सकिनेछ। यसरी प्रदान भएको रकम गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ बमोजिम खर्च गर्नुपर्नेछ ।"

(३) उपनियम (१ख) मा रहेका "आधार लिन सकिनेछ" भन्ने शब्दहरुको सट्टा "आधार लिनुपर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (१ख) पछि देहायको उपनियम (१ग) थपिएको छः-

"(१ग) उपनियम (१क) बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिमा प्रदान गरिने रकमको सीमा अधिकतम पच्चीस लाखसम्म हुनेछ।"

आज्ञाले,
यमुना प्रधान
प्रदेश सरकारको सचिव

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु १०।-